कलैया उपमहानगरपालिकाद्वारा प्रकाशित

# कलैया राजपत्र

खण्डः ८ संख्याः १ मितिः २०८१/०४/११

## भाग – २

### कलैया उपमहानगरपालिका

**बारा, मधेश प्रदेश, नेपाल**

### कलैया उपमहानगरपालिकाको एच.आई.भी. संक्रमितका लागि सामाजिक सुरक्षा सम्बन्धी कार्यविधि,२०८२

**प्रस्तावनाः-** यस कलैया उप- महानगरपालिका क्षेत्र भित्र रहेका एच आई भी संक्रमितहरुको सहयोग, हेरचाह, पोषण, शैक्षिक सहयोग एवं उपचारमा टेवा पुयाउन एच आई भी संक्रमितहरुको मानव अधिकार र स्वास्थ्य अधिकारको सुनिश्चितता गर्न, शैक्षिक निरन्तरताका लागि अभिभावकत्व प्रदान गर्न र संक्रमित व्यक्तिको आत्मसम्मान तथा आत्मबल उच्च राख्दै जिम्मेवार नागरिकको अनुभुति गराउन एच.भी.आई. कार्यक्रम सम्बन्धि कृयाकलापहरु संचालन गर्न वाञ्छनिय भएकोले, स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ तथा कलैया उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि



CamScanner

(नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद — १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "कलैया उपमहानगरपालिकाको एच.भी.आई. संक्रमितका लागि सामाजिक सुरक्षा सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि कलैया उप-महानगरपालिका कार्यपालिकाको स्वीकृति पश्चात लागु हुनेछ र यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उप- महानगरपालिका" भन्नाले कलैया उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले कलैया उपमहानगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले कलैया उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "एच.आई.भी" भन्नाले मानव शरीरमा रहेको रोग प्रतिरोधात्मक क्षमतालाई कमजोर पार्ने विषाणु सम्झनु पर्दछ ।

(ङ) "एडस" भन्नाले एच.आई.भी. संक्रमणले गर्दा संक्रमित व्यक्तिलाई अन्य अवसरवादी संक्रमणहरु भएको अवस्था सम्झनु पर्दछ ।

(च) "एच.आई.भी संक्रमित व्यक्ति" भन्नाले रगत परिक्षणद्वारा एचआईभी संक्रमण प्रमाणित भएको व्यक्ति सम्झनु पर्दछ ।

(छ) "एच.आई.भी प्रभावित" भन्नाले एच.आई.भी. संक्रमित र एडस भएका व्यक्ति लगायत एच.आई.भी संक्रमणका कारणले प्रत्यक्षरुपले शारीरिक, मनोवैज्ञानिक एवं सामाजिक परिणामका दृष्टिकोणले प्रभावित भएका परिवारका अन्य सदस्य समेत भन्ने बुझ्नु पर्दछ ।

(ज) "ए.आर. भी." भन्नाले एच.आई.भी. संक्रमितले नियमित सेवन गर्ने औषधी बुझ्नु पर्दछ।

**३कार्यविधिको उद्देश्य .:**

१) उपमहानगरपालिका क्षेत्र भित्रका एचआई..भी संक्रमित र प्रभावित समुदायको सहयोग र हेरचाहसंग सम्वन्धित कार्यक्रमहरू प्रभावकारी रूपमा संचालन गर्न सहयोग गर्ने ।

(२) उपमहानगरपालिका क्षेत्र भित्रका एच.आईभी. संक्रमित तथा प्रभावित वालवालिकाहरुलाई नेपालको संविधान, २०७२ अनुसार विशेष प्रकृतिको वालबालिका अनुरुप पोषण, स्वास्थ्य र शैक्षिक सहयोग प्रदान गरि सामाजिक सुरक्षा व्यवस्थापन कायम गराउने ।

(३) एच. आई. भि. संक्रमित व्यक्तिहरुको उपचारमा सहयोग पुयाउने ।

(४) संक्रमित र प्रभावित समुदायको क्षमता अभिवृद्दी गरी सेवा तथा अवसरमा पहुच बृद्धि गरि लान्छना र भेदभावलाई निवारण गर्ने ।

(५) संक्रमित तथा प्रभावित विद्यार्थीहरुको उच्च शिक्षा र संक्रमित युवाको रोजगारको लागी पहल गर्ने ।

(६) जिल्लामा भएका सरोकारवाला निकायहरू विच समन्वय र सहकार्य सुदृढ गर्ने ।



CamScanner

**४. कार्यविधि अन्तर्गत प्राथमिकतामा राखि समेट्नु पर्ने क्षेत्रहरुः**

यस कार्यविधिले एच. आई. भि. संक्रमित तथा प्रभावित व्यक्तिहरुलाई देहाय बमोजिमको सहयोग उपलब्ध गराउनेछ :

(१) उपमहानगरपालिकाले संक्रमित र प्रभावित समुदायको मानव अधिकार र स्वास्थ्य अधिकारलाइ उच्च प्राथमिकता सहित योजना, बजेट विनियोजन र कार्यक्रमको प्रभावकारी कार्यन्वयन गराउने ।

(२) उपमहानगरपालिका भित्र रहेका संक्रमित र प्रभावित समुदायहरूको लागी शिपमूलक र आयमूलक तालिम संचालन गर्नुको साथै व्यवसाय सुरुवातको लागि विउ पूँजि उपलब्ध गराउने।

(३) संक्रमित तथा प्रभावित बालबालिकालाई पोषण, स्वास्थ्य तथा शैक्षिक सहयोग गराउने ।

(४) एच.आई.भी. संक्रमितहरुलाई एम्बुलेन्स भाडा तथा उपचार सहयोग गराउने ।

(५) एच.आई.भी. सम्बन्धि बिभिन्न जनचेतनाका कार्यक्रम, अभिमुखिकरण तालिम, आयमुलक कार्यक्रम र कृषिजन्य विउ पूँजि अनुदान उपलब्ध गराउने ।

(६) संक्रमित तथा प्रभावित युवाहरूको उच्च शिक्षाको लागी उपमहानगरपालिकाले अन्य सम्भावित सरकारी तथा गैर सरकारी निकायहरूसंग समन्वय र सहकार्य गराउने ।

(७) विशेष परिस्थितिबाट सृजना भएको आवश्यकताको आधारमा कार्यक्रम निर्धारण गराउने।

(८) उपमहानगरपालिकाले संचालन गरेका वा गरिने शैक्षिक छात्रवृति, आवास सहितको छात्रबासको व्यावस्था भएमा एच.आई.भी. संक्रमित तथा प्रभावित वालवालिकालाइ पनि समेटिने ।

(९) शिक्षा शाखा मार्फत संचालनं हुने एचभी संक्रमित तथा प्रभावित बालबालिका.आई. (काबा) को आवासिय छात्रवृत्ती सम्बन्धि व्यावस्था कार्यक्रम कार्यान्वियन गरिनेछ ।

## परिच्छेद -२
## कार्यक्रम संचालन तथा व्यवस्थापन प्रकृया

**५. कार्यक्रम संचालन तथा व्यवस्थापन प्रकृया :**

**क) एचभी संक्रमित बालबालिकालाई पोषण.आई., शिक्षा र स्वास्थ्य सहयोगः**

यस कृयाकलाप अन्तर्गत कलैया उपमहानगरपालिका क्षेत्र भित्र वसोवास गर्ने १८ वर्ष मुनिका एच संक्रमित .भि.आई.र प्रभावित भनेर सिफारिस भई आएका बालबालिकालाई पोषण, शिक्षा र स्वास्थ्यमा सुधार ल्याउन कार्य सञ्चालन मार्गदर्शनं वनाई मासिक रुपमा तोकिएको नगद अनुदान प्रदान गरीनेछ। यसरी बजेट विनियोजन गरि कार्यक्रम संचालन गर्दा दफा ६ अनुसार गठित समन्वय समितिले अनुदानको नियमित सिफारिस, रुजु, प्रमाणिकरण, अनुगमन र समिक्षा सोहि समितिले गर्नेछ ।

**ख) एम्बुलेन्स भाडा, यातायात तथा उपचार सहयोगः**

एचआई..भी संक्रमितलाई उपचारको क्रममा स्थानीय स्तरमा उपचार हुन नसकी अन्यत्र वाहिर लैजान अस्पतालले रिफर गर्दा वा अति आवश्यकिय अवस्थामा एम्बुलेन्स आवश्यक परेमा वा सुत्केरी हुन अस्पताल सम्म आउदा र घर फर्किदा एम्बुलेन्स व्यवस्थापनको लागि बिल बमोजिमको एम्वुलेन्स भाडा उपलब्ध गराईनेछ। साथै, उपचार केन्द्रसम्म आउन जान लागने वास्तविक स्थानिय भाडा आवश्यकता हेरि भुक्तानी गर्न सक्नेछ । स्वास्थ्य विमा र अस्पताललले व्यहोर्ने उपचार व्यवस्थापन र ल्याव परिक्षण बाहेक अत्यावसकिय उपचार तथा



CamScanner

ल्याव परिक्षण खर्चको व्यवस्थापन उपमहानगरपालिकाले गर्नेछ । यो सुविधा अन्तर्गत व्यवस्थापन दफा ६ अनुसार गठित समन्वय समितिले गर्नेछ ।

**ग) शिपमूलक र आयमूलक तालिमः**

उपमहानगरपालिका भित्र रहेका संक्रमित र प्रभावित समुदायहरूको लागी शिपमुलक र आयमुलक तालिमको लागि उपमहानरपालिकाले आवश्यकता पहिचान गरि उचित बजेटको व्यवस्थापन गर्नेछ र तालिम पश्चात आयमूलक व्यवसाय शुरुवातको लागि विउँ पूँजिको व्यवस्थापन गर्नेछ । यो सुविधा अन्तर्गतको व्यवस्थापन दफा ६ अनुसार गठित समन्वय समितिले गर्नेछ ।

**घसंक्रमित तथा प्रभावित युवाहरूको उच्च शिक्षा कार्यक्रम (:**

संक्रमित तथा प्रभावित युवाहरूको उच्च शिक्षाको लागी उपमहानरपालिकाले अन्य सम्बन्धित सरकारी तथा नीजि कलेजहरूसंग समन्वय र सहकार्य गरि आवश्यक छात्रवृतिको व्यवस्था गर्नेछ । यस व्यवस्थामा संक्रमित युवतीलाइ विशेष प्राथमिकतामा राखिनेछ । यो सुविधा अन्तर्गतको व्यवस्थापन दफा ६ अनुसार गठित समन्वय समितिले गर्नेछ ।

**ङ) एच आई भी संक्रमितहरुको लागि पोषण सहयोगः**

उपमहानरपालिका क्षेत्र भित्र बसोवास गर्ने एच.भी.आई. संक्रमितहरुलाई उनिहरुको गुणस्तर उपचारमा सहयोगार्थ पोषणको आवश्यकता हुने भएकोले लगत तयार गरि उपमहानरपालिकाले पोषण खाद्य सामाग्री उपलव्ध गराउनेछ । एच.आइ.भी संक्रमित नभएको व्यात्तिलाई भन्दा संक्रमित व्यक्तीलाई दोब्बर पोषणको आवश्यकता पर्ने हुदा निज संक्रमितलाई दैनिक पोषण वाफत रु.५० का दरले बर्षमा ३६५ दिन कै लागी पोषणका लागि व्यावस्थापन गरिनेछ । यो सुविधा अर्गतको व्यवस्थापन दफा ६ अनुसार गठित समन्वय समितिले गर्नेछ ।

**च) संक्रमित तथा प्रभावित बालबालिकाको लागि पाठ्य सामग्री सहयोग :**

उपमहानगरपालिका भित्र रहेका संक्रमित र प्रभावित बालबालिकाको लागि पाठ्य सामग्रीको व्यवस्था गर्नेछ । बिद्यालय तहको आवस्यकता हेरी पाठ्य पुस्तक तथा पाठ्य सामग्री प्रदान गर्नेछ र यो सुविधा अन्तर्गतको व्यवस्थापन दफा ६ अनुसार गठित समन्वय समितिले गर्नेछ ।

## परिच्छेद -३
## समन्वय समिति गठन

**६समन्वय . समितिः**

एचआई..भी कार्यक्रमको क्षेत्रमा तोकिएका प्राथमिकताहरुको व्यवस्थापन, समन्वय र प्रभावकारि कार्यान्वयनमा सहजीकरण एंव समन्वय गर्न देहाय बमोजिमको उपमहानगरपालिका स्तरको **"एच.भी.आई. संक्रमितका लागि सामाजिक सुरक्षा कार्यान्वयन समिति"** क्रियाशिल हुनेछः

(क) नगर प्रमुख — संरक्षक
(ख) नगर उपप्रमुख — संयोजक
(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य
(घ) स्वास्थ्य शाखा प्रमुख — सदस्य
(ङ) महिला तथा वालवालिका शाखा प्रमुख — सदस्य

(च) महिला अधिकारकर्मी — सदस्य

(छ) प्रशासन शाखा प्रमुख — सदस्य

(ज) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख — सदस्य

(झ) एच.आई.भी. संक्रमितहरुको संस्थाको कर्मचारी/प्रतिनिधि १जना महिला सहित २ जना — सदस्य

(ञ) स्वास्थ्य शाखामा कार्यरत कर्मचारीबाट एच.आई.भी. फोकल पर्सन — सदस्य सचिव

माथि उल्लेखित ११ सदस्यीय कार्यन्वयन समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ । कार्यन्वयन समितिको बैठक प्रत्येक ३ महिनामा एक पटक बस्नेछ र आवश्यकता अनुसार सदस्य सचिवले बैठक बोलाउन सक्नेछ ।

## परिच्छेद -४

## अनुदान निकासा प्रकृया, कार्यविधिको व्याख्या, समन्वय र सहकार्य र संशोधन सम्बन्धी व्यवस्था

**७. अनुदान निकासा प्रकृया:**

एचभी.आई. संक्रमित व्यक्तिले उपमहानरपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिमको नगद भुक्तानी माग गर्दा निवेदनको साथमा देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछ;

क) कलैया उपमहानगरपालिकाको स्थायी बासीन्दा भएको प्रमाणपत्र ।

ख ) एचभी.आई. संक्रमीत भएको पुष्टि गर्ने प्रमाण पत्र ।

ग ) नियमित ए.आर.भी सेवन गरिरहेको सिफारिस पत्र ।

घ) बैंक खाताको बिवरण ।

**८. कार्यविधिको व्याख्या:**

यो कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार कलैया उपमहानगरपालिकाको कार्यपालिकामा निहित रहनेछ ।

**९समन्वय र सहकार्य सुदृढ .गर्ने:**

यस कार्यविधि अर्न्तगतको **"एच.भी.आई. संक्रमितका लागि सामाजिक सुरक्षा कार्यन्वयन समिति"** ले जिल्लामा रहेका सरोकारवालाहरूसंग नियमित समन्वय र सहकार्य मार्फत मापदण्डले समेटेका कार्यक्रमहरू संचालन गर्नगराउन पहल गर्नेछ ।

**१० संशोधन सम्बन्धी व्यवस्था :**

मुलुकको आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्यनजर गरी कार्यपालिकाले प्रचलित कानूनसँग नबाझिने गरी यस कार्यविधिमा जिल्लामा रहेका सरोकारवाला निकायहरूसंगको समन्वय मा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

आज्ञाले
नाथु साह
**प्रमुख प्रशासकीय अधिकृत**



CamScanner